# मिति २०७४ साल असोज ६ गतेको बैठकको प्रस्ताव एवं निर्णयहरु

**१. गाउँ कार्यपालिका र वडा समितिको बैठक सम्बन्धमा**

प्रस्ताव नं. १ **गाउँ कार्यपालिका र वडा समितिको बैठक** सम्बन्धमा छलफल गर्दा यस बकैया गाउँ कार्यपालिकाको नियमित बैठक प्रत्येक महिनाको ५ गते र २० गते तथा वडा समितिहरुको बैठक प्रत्येक महिनाको १० र २५ गते गर्ने सर्वसम्मत निर्णय गरियो । साथै तोकिएको दिन सार्वजनिक विदा परेमा विदा समाप्त भई कार्यालय खुलेको पहिलो दिन बैठक गर्ने निर्णय गरियो ।

**२.वडा स्तरिय विकास कार्यक्रम स्विकृत सम्बन्धमा**

प्रस्ताव नं. २ वडा स्तरिय विकास कार्यक्रम स्विकृति सम्बन्धमा छलफल गर्दा प्रत्येक वडाका लागि विनियोजित रु २५ लाख बाट वडाले सिफारिस गरेका योजना तथा कार्यक्रमहरु केही संसोधन सहित स्विकृत गरी कार्यक्रम कार्यान्वयन गर्न वडा सचिवलाई अख्तियारी दिने निर्णय गरियो ।

**३.गाउँपालिकाको केन्द्र जोड्ने सडकको सर्भे डिजाइन सम्बन्धमा**

प्रस्ताव नं. ३ गाउँपालिकाको केन्द्र जोड्ने सडकको सर्भे डिजाइन सम्बन्धमा छलफल गर्दा गाउँपालिकाको केन्द्र जोड्ने सडकको सर्भे डिजाइन गर्न प्राविधिक प्रस्ताव आव्हान गरी कन्सल्टेन्सीहरुद्वारा कार्य गराउने निर्णय गरियो ।

**४.करार सेवामा प्राविधिक नियुक्ती सम्बन्धमा**

प्रस्ताव नं. ४ करार सेवामा प्राविधिक नियुक्ती सम्बन्धमा छलफल गर्दा स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्बन्धी आदेश, २०७४ को बुँदा नं. ३६ मा व्यवस्था भए बमोजिम एक जना इन्जिनियर तथा दुई जना सब-इन्जिनियर प्रचलित कानून बमोजिम प्रतिपर्धाबाट करार सेवा भर्ना गर्ने तथा भर्ना सम्बन्धी अन्य व्यवस्थापन गर्न अध्यक्ष, उपाध्यक्ष तथा कार्यकारी अधिकृतलाई जिम्मेवारी दिने निर्णय गरियो ।

**५.भुकम्प पिडितसंगको सम्झौता सम्बन्धमा**

प्रस्ताव नं. ५ भुकम्प पिडितसंगको सम्झौता सम्बन्धमा छलफल गर्दा लालपुर्जा नभएका लाभग्राहीको हकमा नापनक्सा भई कित्ता नं. भएको आफ्नै हकभोकको जग्गा तथा विना शर्त जग्गाधनीले घर निर्माण गर्न दिएको जग्गामा घर बनाउने गरी भुकम्प पिडितसंग सम्झौता गर्ने व्यवस्था मिलाउन वडा कार्यालयलाई जिम्मेवारी दिने निर्णय गरियो ।

**६.वडा कार्यालय तथा गाउँ कार्यपालिकाको भवन निर्माण सम्बन्धमा**

प्रस्ताव नं. ६ वडा कार्यालय तथा गाउँ कार्यपालिकाको भवन निर्माण सम्बन्धमा छलफल गर्दा वडा कार्यालयका भवन बनाउनका लागि वडा केन्द्र तोकिएको स्थान वा स्थानको वरीपरी करिव ५ कठ्ठा सार्वजनिक वा व्यक्तिगत हकभोग नभएको जग्गा व्यवस्था गर्न वडा कार्यालयहरुलाई जिम्मेवारी दिने तथा गाउँ कार्यपालिकाको कार्यालयका लागि कम्तीमा १० कठ्ठा सार्वजनिक वा व्यक्तिगत हकभोग नभएको जग्गा व्यवस्था गर्न ३ नं. वडा कार्यालयलाइ जिम्मेवारी दिने निर्णय गरियो ।

**७.विनियोजन ऐनमा भएका कार्यक्रम स्विकृत सम्बन्धमा**

प्रस्ताव नं. ७ विनियोजन ऐनमा भएका कार्यक्रम स्विकृत सम्बन्धमा छलफल गर्दा तपसिलका क्षेत्रका कार्यक्रमहरु सम्बन्धीत क्षेत्रमा कार्य गर्ने कर्मचारीहरु मार्फत पेश भएको विस्तृत कार्यक्रम लाई संसोधन सहित स्विकृत गर्ने सर्वसम्मत निर्णय गरियो ।

तपसिल

**संकेत नं./विषयगत शिर्षक: १०१० कृषि** रु. हजारमा

| क्र.सं. | कार्यक्रमआयोजनाको नाम/ | कार्यान्वयन हुने स्थान | विनियोजन रु. | कैफियत |
|---|---|---|---|---|
| १ | कृषि विभाग (एक स्थानीय निकाय एक प्राविधिक कार्यक्रम अन्तगर्गतको प्राविधिकको तलब र पोशाक) | बकैया गा पा | ६४० | |
| २ | आलु तरकारी तथा मसलाबाली विकास कार्यक्रम | बकैया गा पा | ४०० | |
| ३ | बाली विकास कार्यक्रम | बकैया गा पा | ४०० | |
| ४ | सहकारी खेती, साना सिंचाई तथा मल विउ ढुवानी कार्यक्रम | बकैया गा पा | ७३० | |
| ५ | प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना | बकैया गा पा | २७०० | |
| ६ | कृषि प्रसार कार्यक्रम | बकैया गा पा | १७०० | |
| ७ | पशु आहार विकास कार्यक्रम | बकैया गा पा | ३४० | |
| ८ | पशु स्वास्थ्य नियमन कार्यक्रम | बकैया गा पा | ५० | |
| ९ | पशु सेवा प्रसार कार्यक्रम | बकैया गा पा | १३३० | |
| १० | पशु सेवा विकास कार्यक्रम | बकैया गा पा | १३५० | |
| ११ | एक गाउँ एक प्राविधिक | बकैया गा पा | ५९१ | |
| **जम्मा** | | | १०२३१ | |

| संकेत नं./विषयगत शिर्षक: २०२० स्वास्थ्य | | | रु. हजारमा | |
|---|---|---|---|---|
| क्र.सं. | कार्यक्रमआयोजनाको नाम/ | कार्यान्वयन हुने स्थान | विनियोजन रु. | कैफियत |
| १ | ग्रामिण स्वास्थ्य प्रवर्धन कार्यक्रम (मागको आधारमा) | बकैया गापा | २५०० | |
| २ | प्राथमिक स्वास्थ्य सेवा प्रदायक संस्थाहरू, स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी र उपचौकीहरू तथा आयुर्वेद औषधालयहरुको सञ्चालन खर्च र कार्यालयहरुको सञ्चालन खर्च तथा तलब भत्ता | बकैया गापा | ११८१४ | |
| ३ | प्राथमिक स्वास्थ्य केन्द्रहरू मार्फत कार्यान्वयन हुने राष्ट्रिय स्वास्थ्य शिक्षा सूचना तथा सञ्चार कार्यक्रम | बकैया गापा | ५६ | |
| ४ | क्षयरोग नियन्त्रण कार्यक्रम | बकैया गापा | १३० | |
| ५ | एकीकृत जिल्ला स्वास्थ्य कार्यक्रम अन्तर्गत मातृशिशु, पोषण, खोप, औंलो रोग नियन्त्रण | बकैया गापा | ४३७२ | |
| **जम्मा** | | | १८८७२ | ० |

## ८.सामाजिक सुरक्षा भत्ता वितरण सम्बन्धमा

प्रस्ताव नं. ८ सामाजिक सुरक्षा भत्ता वितरण सम्बन्धमा छलफल गर्दा केन्द्रीय पन्जिकरण विभागको सर्भरमा एम आई एस डाटा इन्ट्री सम्पन्न गरी बडा दशैं लगत्तै भत्ता वितरण गर्ने निर्णय गरियो ।

## ९. विविध सम्बन्धमा

प्रस्ताव नं. ९ विविध सम्बन्धमा छलफल गर्दा विगतमा भएका चरिचरणमुक्त बनक्षेत्र, खुल्ला दिसामुक्त गाउँ, मदिरा नियन्त्रीत क्षेत्र, पूर्ण खोपयुक्त गाउँ जस्ता कार्यहरुको दिगोपना कायम गर्न आवस्यक व्यवस्था गर्ने निर्णय गरियो ।

आज मिति २०७४ साल असोज ६ गतेको बैठक विहान ११:३० बजे शुरु भई ५:१५ बजे सम्पन्न गरियो ।